
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०८९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन ४ गते शुक्रबार ❑ 16 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## पोखरामा साहित्य महोत्सव सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

नेपाल साहित्य महोत्सव बिहीबारदेखि पोखरास्थित फेवाताल किनारको बाराहीघाटमा सुरु भएको छ।

महोत्सवको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शुभारम्भ गर्नुभयो । साहित्य महोत्सवले पर्यटकीय राजधानी घोषणाको तयारीमा रहेको पोखरालाई अलग पहिचान दिलाएको उहाँले बताउनुभयो । "सांस्कृतिक विविधतासहितको सामाजिक ऐक्यबद्धता महत्वपूर्ण पक्ष हो", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "साहित्य महोत्सवले पोखरालाई समुन्नत सहरका रुपमा स्थापित गर्न मद्दत पुग्नेछ ।" राजनीति र साहित्यको अन्तिम ध्येय समाजको परिवर्तन भएको उहाँले बताउनुभयो। "कुनै पनि मुलुकको राजनीतिक परिवर्तनमा कला, साहित्यको महत्वपूर्ण भूमिका रहन्छ, अभिव्यक्तिको सशक्त माध्यम साहित्य हो", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "हामी राजनीतिकर्मी पनि साहित्यबाट वस्तुनिष्ठ आलोचना चाहन्छौं ।" कला, साहित्य, सङ्गीत, शिक्षा, राजनीति, अर्थशास्त्रलगायत समाजका विविध विषयमा हुने



बहस र तिनमा सहभागी हुने देशविदेशका वक्ताका कारण साहित्य महोत्सवले नेपाललाई अन्तर्राष्ट्रिय जगत्मा चिनाउने उहाँले बताउनुभयो । गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्यबहादुर खड्का 'बिखर्ची'ले पोखरा कला, साहित्यको उर्वर भूमि भएको बताउनुभयो । उहाँले साहित्य महोत्सवको माध्यमबाट यस क्षेत्रको चिनारी फैलिएको धारणा बताउनुभयो । कला-साहित्यको उत्थान र प्रवर्द्धनका लागि राज्यले लगानी बढाउनुपर्ने कुलपति खड्काले बताउनुभयो। महोत्सवका कार्यकारी निर्देशक नीरज भारीले अनेकौं अभावमा पनि महोत्सवलाई निरन्तरता दिइएको बताउनुभयो ।

## पोखरामा कांग्रेसको प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ३ फागुन

नेपाली कांग्रेस केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजनामा आजदेखि गण्डकी तथा लुम्बिनी प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण सुरु भएको छ।

उक्त प्रशिक्षण कार्यक्रमको नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गर्नुभयो।

कार्यक्रममा मुख्यमन्त्री पाण्डेले कांग्रेसले देशको आमूलपरिवर्तनमा विशिष्ट योगदान गरे पनि आम जनमानसमा त्यो कुरालाई लैजान नसकिएको बताउनुभयो । राजनीतिक परिवर्तनले देश र जनतालाई स्वतन्त्रता प्रदान गरेको उल्लेख गर्दै उहाँले स्वतन्त्रताका नाममा छाडातन्त्र हुन नहुने बताउनुभयो । नेपाली समाजमा कांग्रेसले गरेको योगदानलाई जनतासमक्षप्रशिक्षककामाध्यमबाट पुऱ्याउनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो।

कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले राष्ट्रियता, प्रजातन्त्र तथा समाजवादलाई मूल आदर्शका रुपमा लिँदै स्थापित कांग्रेस स्थापनाका मूलआदर्श र सिद्धान्तलाई आत्मसात नगर्दा कमजोर बनेको बताउनुभयो । जनताले अनुभूति गर्ने किसिमको कांग्रेस बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । कांग्रेसलाई बलियो बनाउन गण्डकी प्रदेशका तर्फबाट सङ्कल्पपत्र तयार गरिएको उल्लेख गर्दै उहाँले त्यसलाई महासमितिको बैठकमा प्रस्तुत गरिने बताउनुभयो।

कार्यक्रममा कांग्रेस गण्डकी प्रदेशका उपसभापति कल्पना तिवारी, लुम्बिनी प्रदेशका उपसभापति भुवनप्रसाद श्रेष्ठलगायतले कांग्रेसलाई आम जनतामाझ पुऱ्याउनका लागि प्रशिक्षक प्रशिक्षण तालिम महत्वपूर्ण बन्ने विश्वास व्यक्त गर्नुभयो। तीन दिनसम्म चल्ने उक्त प्रशिक्षणमा गण्डकी तथा लुम्बिनी प्रदेशअन्तर्गतका जिल्लाका पार्टीका उपसभापतिसहित ८८ जना सहभागी रहेका कांग्रेस गण्डकी प्रदेशका प्रचारप्रसार विभागका उपप्रमुख शिरोमणि बरालले जानकारी दिनुभयो।

## मन्त्री गुरुङद्वारा चापाकोट महोत्सव उद्घाटन

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ३ फागुन

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले स्याङ्जाको चापाकोट महोत्सव तथा व्यापार मेलाको उद्घाटन गर्नुभएको छ।

चापाकोट उद्योग वाणिज्य सङ्घद्वारा चापाकोट-९ सुन्तलीटारमा आजदेखि सो महोत्सवको दोस्रो संस्करण सुरु भएको हो। सो अवसरमा मन्त्री गुरुङले कामबाट परिवर्तन वा परिणाम देखाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "यथार्थमा परिणत गर्नका लागि काम गर्नेपर्छ, म त्यसमा कटिबद्ध छु।" चापाकोटमा कृषि क्याम्पस स्थापना, प्रहरी कार्यालय, ग्रामीण सडक स्तरोन्नति, कालीगण्डकीमा पुल यथाशीघ्र निर्माणका लागि पहल गर्ने मन्त्री गुरुङले आश्वासन दिनुभयो। चापाकोट विविध दृष्टिले सम्भावना बोकेको क्षेत्र भएको उल्लेख गर्दै मन्त्री गुरुङले यसको वृहत्तर विकासका लागि दलगत स्वार्थभन्दा माथि उठेर लाग्नुपर्नेमा जोड दिनुभयो । 'हाम्रो शान, हाम्रो मान, सुन्दर नगर हाम्रो पहिचान' नाराकासाथ सुरु भएको चापाकोट महोत्सव यही फागुन १३ गतेसम्म चल्ने चापाकोट उद्योग वाणिज्य सङ्घका अध्यक्ष निर्मल रानाले जानकारी दिनुभयो। हस्तकला तथा स्थानीय कृषि उत्पादन, धार्मिक तथा पर्यटकीयस्थलको प्रचारप्रसार, कालीगण्डकीमा जलयात्रा, जिल्लास्तरीय भलिबल प्रतियोगिता, भजन/चुड्का, रत्यौली प्रतियोगितालगायत महोत्सवका विशेषता रहेका छन् । महोत्सवमा दुई सय ५० व्यापारिक कक्ष रहेका छन्।

## गण्डकी प्रदेशमा सार्वजनिक बिदा, स्थापना दिवसको असवरमा प्रभातफेरी

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

गण्डकी प्रदेशले आफ्नो स्थापना दिवसको अवसरमा शुक्रबार सार्वजनिक बिदा दिएको छ भने बिहान प्रभात फेरी सहितको विभिन्न कार्यक्रम गर्ने भएको छ।

प्रदेश सरकारको स्थापना दिवसको अवसरमा शुक्रबार बिहान ८:०० बजे पोखराको शहिद पार्कबाट प्रभात फेरी आयोजना गरिने भएको सरकारका प्रवक्ता एवं उर्जा जलश्रोत तथा खानेपानी मन्त्री सरस्वती अर्याल तिवारीले बताउनु भयो । उक्त प्रभातफेरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पुगेर समारोहमा परिणत हुने भएको उहाँले जनाउनुभयो।

प्रभातफेरीमा विभिन्न जनजातिको भेषभुषामा बाजा गाजा सहितको र्‍याली हुने भएको छ । र्‍यालीमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, मन्त्रीहरु, प्रदेश सांसद, कर्मचारी र विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता हुने भएको छ। उक्त समारोहमा गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङलाई प्रमुख अतिथीको रुपमा निम्तो गरिएको छ । प्रदेश सरकारले स्थापना दिवसको अवसरमा कर्मचारी सहित विभिन्न संघ संस्थाहरुलाई सम्मान गर्ने भएको प्रवक्ता तिवारीले जनाउनु भयो।

गण्डकी प्रदेशले स्थापना दिवसको अवसरमा फागुन ४ गते सार्वजनिक बिदा दिएको छ।

मन्त्रिपरिषद्को निर्णय अनुसार बिदा दिएको प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री शुशिला सिखडाले बताउनु भयो । प्रदेशभरका सबै सरकारी कार्यालय, शैक्षिक संघ संस्था तथा सार्वजनिक संस्थामा बिदा हुने उहाँले जनाउनु भयो।

## पोखरा म्याराथनः हिमाल हेरेर तालको किनारमा दौडदै धावक

**वासुदेव पौडेल र कृष्ण दवाडी**
पोखरा, ३ फागुन/रासस

पर्यटकीय नगरी पोखरामा यही फागुन ५ गते १८औं संस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन हुँदैछ।

विश्व परिवेशमा चर्चित सहरका नाममा आयोजना गरिने सिटी म्याराथनको अवधारणाअनुरुप नै यहाँ हरेक वर्ष नेपाल भूतपूर्व खेलाडी मञ्चले पोखरा म्याराथन गर्दै आएको छ । पोखरालाई खेलकुदको विश्व मानचित्रमा स्थापित गराई खेलकुदबाटै पर्यटन प्रवर्द्धन गर्न वर्षको एक दिन आयोजना गरिने यस प्रतियोगितालाई सहरकै उत्सवका रुपमा मनाउँदै आइएको मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले बताउनुभयो। खेलकुदका क्षेत्रमा योगदान गरेका खेलाडी एवं खेलप्रेमीको साझा संस्थाका रुपमा २०५८ सालमा स्थापित मञ्चले पोखरालाई खेल पर्यटनको समेत गन्तव्य बनाउने लक्ष्यका साथ म्याराथन सञ्चालन गर्दै आइएको उहाँको भनाइ थियो । सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनअन्तर्गत विभिन्न नौ वटा 'इभेन्ट' एकैपटक एकैदिन आयोजना गर्ने मञ्चको तयारी छ । "इभेन्टअन्तर्गत खुला म्याराथन ४२दशमलव १९५ किमी, २१दशमलव ०९७ किमी हाफ म्याराथन महिला, महिला । पुरुष १० किमी दौड, विद्यालयस्तरीय छात्रछात्रा पाँच किमी दौड तथा ५० वर्ष माथिको भेट्रान महिला पुरुष दौड सञ्चालन हुँदैछन्", अध्यक्ष पराजुलीले भन्नुभयो। सोहीअन्तर्गत यही माघ २७ गते महिला तथा पुरुष ह्विलचियर तथा दृष्टिविहीन दौड सम्पन्न गरिसकिएको जानकारी दिँदै उहाँले भन्नुभयो, "यस वर्ष पनि हामी पोखरेलीले वर्षको एक दिन दौडिन पर्छ भन्ने सन्देश दिन 'रन फर फन' मा सम्पूर्ण पोखरेलीलाई आह्वान गर्दछौं।"

मञ्चले तीन वर्षअघिदेखि फागुन पहिलो साताको शनिबार पोखरा म्याराथन आयोजना गर्ने निर्णय गरेबमोजिम नै फागुन ५ गते शनिबार १८औं संस्करणको उक्त कार्यक्रम गर्न लागिएको अध्यक्ष पराजुलीले जानकारी दिनुभयो । "हिमालको फेदमा ताल हेर्दै दगुर्न पाइने पोखरा म्याराथन यहाँको महत्वपूर्ण आकर्षण नै बन्दै गएको छ", उहाँले भन्नुभयो, "पोखराको यस म्याराथनलाई छुटाउन हुँदैन भन्ने जनमत पनि बढ्दै गएको छ।" म्याराथनका विभिन्न विधामा ४१ जनालाई नगदसहित पुरस्कृत गरिने छ। म्याराथन पोखराको गौरव भएको उल्लेख गर्दै उहाँले यसलाई भव्य र सभ्य बनाउन विभिन्न २३ वटा उपसमिति सक्रियरुपमा लागि रहेको उल्लेख गर्नुभयो। गत वर्षदेखि पोखरा अन्तर्राष्ट्रिय म्याराथन म्याराथनहरूको अन्तर्राष्ट्रिय छाता संस्था 'एसोसियसन अफ इन्टरनेशनल म्याराथन्स एण्ड डिष्टेन्स रेसेस' (एम्स) मा दर्ता भइसकेको र पोखरा म्याराथनको रुटसमेत एम्सबाट प्रमाणीकरण भइसकेको पोखरा म्याराथनका अन्तराष्ट्रिय संयोजक तेजबहादुर गुरुङले बताउनुभयो। उहाँका अनुसार यसपटक पोखराका सडकको सवार साधनको व्यस्ततालाई मध्यनजर गर्दै दौडको मार्ग पनि परिवर्तन गरिएको छ । राष्ट्रिय तथा अन्तर ष्ट्रिय धावकको सुरक्षाका साथै सवारी आवागमनमा बाधा नपुगोस् भन्ने उद्देश्यले यसपटकको पोखरा म्याराथन पोखरा रङ्गशाला हुँदै मुख्य बजार क्षेत्रभित्र १७ किमी दौडलाई समेटिएको छ। सोअनुसार हल्लनचोकदेखि पोखरा महानगर वडा नं १८, २३ र २४ घाँटीछिना हुँदै पुनःसोही मार्गबाट लेकसाइड हल्लनचोकको क्याम्पिड मैदानमा पुगेर समापन हुनेछ। सवारीचालकलाई म्याराथन रुटमा अत्यावश्यकबाहेक अन्य सवारी साधन नचलाई धावक तथा खेलाडीलाई सम्मान दिन आह्वान गरिएको संयोजक गुरुङले बताउनुभयो। नयाँ मार्गसँगै धावकले सुन्दर प्रकृति नियाल्दै दौडन पाउनेछन्।

पोखरा रङ्गशालाबाट सुरु हुने दौड तीन किलोमिटर राजमार्ग हुँदै पोखराको औद्योगिक क्षेत्रभन्दा केही पर पुगेर उत्तरतर्फ कदम मार्गको बाटो हुँदै उक्लिने छन्। कदम मार्गबाट बिपी मार्ग, गौँडाकोमुख, भद्रकाली, सयपत्री चोक(रानीपौवा), जनताचोक, पहेलो पुलतरेरधावकपृथ्वीनारायणक्याम्पसतर्फ जानेछन् । क्याम्पसबाट सिम्पानी चोक, हरिचोक, जिरोकिलोमिटरबाट हल्लनचोक पुगिनेछ। हल्लनचोकबाट खहरे, खपौदी, पामे हुँदै घाँटीछिना पुगेर धावक फिर्ता हुनेछन्। घाँटीछिनाबाट फर्केर हल्लनचोकस्थित क्याम्पिङचौर(साइट)मा पुगेर धावकले म्याराथन पूरा गर्ने भएका छन्। यो म्याराथन पोखरा म्याराथनको इतिहासमा मात्रै नभई नेपाली एथलेटिक्सको इतिहासमा सम्पूर्ण दौडहरू पूर्ण प्रविधिमैत्री भएको मञ्चले जनाएको छ । म्याराथनमा विदेशी धावकको आकर्षण बढाउन पुरस्कार राशि वृद्धि गर्ने लक्ष्यअनुरुप आगामी दिनमा पोखरा म्याराथनको प्रथम पुरस्कारको राशि रु १० लाख पुऱ्याउने लक्ष्यका साथ मञ्च लागिरहेको अध्यक्ष पराजुलीले जानकारी दिनुभयो।

यस वर्षको म्याराथनमा विदेशी राष्ट्रबाट उल्लेख्य सङ्ख्यामा उपस्थिति रहने उहाँले जानकारी दिनुभयो । म्याराथनमा बेलायतबाट छ धावक सहभागी बन्नेछन् भने चीनबाट पाँच जना सहभागी बन्नेछन् । त्यस्तै केन्या, बङ्गलादेश, जर्मनी र जापानबाट तीन/तीन जना सहभागी बन्नेछन् । क्यानडा, फ्रान्स, हङकङ, भारत, साउदी अरब, ताइवान, अमेरिकाबाट एक/एक जना सहभागी बन्नेछन् । हाफ म्याथनमा पाँच विदेशीको सहभागिता रहने जनाइएको छ। म्याराथनअन्तर्गत १० किलोमिटरमा पुरुष ११ र तीन महिला विदेशीको सहभागिता रहनेछ। त्यस्तै म्याराथनमा कूल एक सय आठ जना, हाफ म्याराथनमा एक सय ७८ जना, पाँच किमी पुरुषमा नौ सय ९० जना र महिलामा चार सय ८६ जना, १० किमी पुरुषमा एक सय २९ जना र १० किमी महिलामा २९ जना सहभागी बन्नेछन् भने पाँच किमी महिला/पुरुष भेट्रानमा १०/१० जना सहभागी बन्ने जनाइएको छ। नयाँ मार्गअन्तर्गत यस संस्करणको म्याराथनले पोखराका १७ वटा वडालाई छुने मञ्चका कोषाध्यक्ष महेश पौडेलले जानकारी दिनुभयो।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# म्याराथनमा नेपाल सहित १४ देशका करिब २ हजार धावक सहभागी हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

नेपाल भुतपुर्व खेलाडी मञ्चको आयोजनामा शनिबार हुने १८ औं संस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनमा नेपाल सहित १४ देशका धावकहरु सहभागि हुने भएका छन्। नेपालकै सवौधिक राषि भएको उक्त म्याराथनमा सहभागि हुन १४ देशमा नेपाल बाहेक १३ देशका ३१ जना सहभागि हुने गरी नाम दर्ता गराएको बिहिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

प्रतियोगितामा म्याराथन तर्फ १ सय ८ जनाको सहभागिता रहेको छ। महिला हाफ म्याराथनमा १७, १० किमी पुरुषमा १२९, महिलामा २९, छात्र पाँच किमिमा ९९०, छात्रामा ४८० को जनाको सहभागिता रहेको छ। शनिबार हुने म्याराथनका लागि सम्पूर्ण तयारी पुरा भएको र सहभागि धावकहरुका लागि नाम दर्ता गत माघ २८ गते सम्पन्न भएको मन्चका अध्यक्ष हरिप्रसाद पराजुलीले बताउनु भयो। जस अनुसार म्याराथन तर्फ ३१, महिला हाफ म्याराथनमा ५, १० किमी पुरुतर्फ ११ र महिला तर्फ ३ जना विदेशीले सहभागिता जनाएका छन्।

प्रतियोगितामा नेपाल सहित बंगलादेश, क्यानडा, चीन, फ्रान्स, जर्मनी, हङकङ, भारत, जापान, केन्या, साउदी अरेबिया, ताइवान, युके र अमेरीकाका धावकहरुको सहभागिता रहनेछ। म्याराथनको विजेताले नगद ५ लाख रुपैयाँ प्राप्त गर्नेछ। दोस्रो हुनेले ३ लाख, तेस्रोले २ लाख तथा सान्त्वना हुनेले ३० हजार रुपैयाँ प्राप्त गर्नेछ। यस्तै गण्डकी प्रदेश तर्फको विजेताले ५० हजार, दोस्रो ३० र तेस्रो हुनेले २० हजार रुपैयाँ प्राप्त गर्नेछ। महिला हाफ म्याराथनको विजेताले एक लाख ५० हजार दोस्रो एक लाख, तेस्रोले ७५ हजार सान्त्वना हुनेले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। १० किमी महिला तथा पुरुषतर्फको विजेताले समान ३० हजार रुपैयाँ प्राप्त गर्नेछन भने दोस्रो २० र तेस्रोले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। पाँच किमी छात्र-छात्रा दौडको विजेताले समान १५ हजार, दोस्रोले १० हजार र तेस्रो हुनेले सात हजार रुपैयाँ पाउनेछन्। पाँच किमी भेट्रान महिला पुरुष दुवैतर्फको विजेताले १५ हजार, दोस्रो १० र तेस्रोले सात हजार रुपैयाँ प्राप्त गर्नेछन्।

पत्रकार सम्मेलनमा अध्यक्ष हरि प्रसाद पराजुलीले सुरक्षाको दृष्टिकोणले गर्दा रुट परिवर्तन गरेको बताउनु भयो। नयाँ रुट मुख्य पोखरा बजारमा १७ किमि र बाकीँको दौड फेवातालको सिरान घाँटीछिना सम्म रहेको छ।

म्याराथनलाई मुख्य प्रायोजन लक्ष्मी ग्रुप अन्तर्गत सुजल डेरी प्राालिको सफल दुधले गरेको छ। यस्तै गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद गण्डकी, पोखरा महानगरपालिका, पोखरेली मञ्च युके, नेपाली समाज अस्ट्रेलिया तमुधी युके, गैर आवासिय नेपाली संघ, ब्रिटिश कलेज, वि विल राइज फाउन्डेसन, रोटरी क्लब ३२ ९२, डायमण्ड बुद्धिस्ट सेन्टर युके, तमु समाज युके, बगर भाइखलक युके, कृषि विकास बैंक लि., लगायतको प्रायोजन रहेको छ भने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशले प्रवर्द्धन रहेको छ। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख नविन पोखरेलले मार्केटिङको एक रणनिती खेल पर्यटन हुन बताउनु भयो। सो अवसरमा पोखरेली मञ्च यूकेका अध्यक्ष करम गुरुङ, च्यारिटी रनर मञ्जु गुरुङ राई, मञ्चका निवर्तमान अध्यक्ष तेज गुरुङ, मञ्चका महासचिब कृष्ण तिमिल्सिना लगायतले प्रतियोगितालाई सफल पार्न सबैको ससाथ र सहयोग आवश्यक भएकोमा जोड दिनु भयो। कार्यक्रममा अस्ट्रेलियाका संयोजक चन्द्र प्रकाश गुरुङले गैर आवाशिय नेपाली संघ अस्ट्रेलियाबाट प्राप्त १ लाख र आफ्नोतर्फबाट संकलित १ लाख ३६ हजार ५ सय मञ्चका अध्यक्ष हरि प्रसाद पराजुलीलाई हस्तान्तरण गर्नु भयो। त्यस्तै पोखरेली मञ्च युकेले गैर आवाशिय नेपाली संघ, तमु धिं यूके, बगर भाई खलक यूकेबाट संकलित रकम करिव १९ लाख २४ हजार २ सय ४० मञ्चका अध्यक्ष करम गुरुङले हस्तान्तरण गर्नु भयो भने बगर भाइ खलक यूकेका अध्यक्ष दिलरास गुरुङले आफ्नो तर्फबाट नगद ५० हजार हस्तान्तरण गर्नु भयो। कार्यक्रममा हालै खेलकुद पत्रकार मञ्चबाट स्पेसियल अवार्डबाट सम्मानित हुने मञ्चका आजिवन सदस्य एवं अग्रज फोटो पत्रकार सुदर्शन रञ्जितलाई मञ्चका अध्यक्ष पराजुलीले बधाई ज्ञापन गर्नु भयो। कार्यक्रममा पहिलो पटक पोखरा म्याराथनको गितका रचयिता आरजु विष्ट सल्यानी र यूवा गायक बिनोद बानियालाई सम्मान गरिएको थियो।

# अन्तरविद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिताका क्वाटरफाइनल खेलहरु हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ फागुन

पोखरा स्थित ड्याम साइड क्लवको आयोजनामा पोखरामा जारी अन्तरबिद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २०८० अर्न्तगत शुक्रबारदेखि क्वाटरफाइनलका खेलहरु हुने भएका छन्।

विहीबार पोखरा ड्याम साइड स्थित गण्डकी प्रदेश प्रहरी गणको खेल मैदानमा समुह बीको ४ वटा प्रि क्वाटरफाइनलका खेलहरु सम्पन्न भएसंगै शुक्रबार देखि क्वाटरफाइनलका खेलहरु हुने भएको क्लवले जनाएको छ। विहिबारको खेलमा गत बर्षको विजेता छोरेपाटन मावि, एल.पी.देवकोटा मेमोरियल, पार्दी मावि र बालोदय बोर्डिङ स्कुलले जित हासिल गर्दै क्वाटरफाइनलमा यात्रा बनाएको क्लवका अध्यक्ष प्रताप गुरुङले बताउनु भयो। विहीबार भएको पहिलो खेलमा छोरेपाटनले बिद्या



निकेतन स्कुललाई ३–० को गोल अन्तरले पराजित गर्‌यो। छोरेपाटनको जितमा भिम जर्गाले २ र युवराज नेपालीले १ गोलको योगदान दिए। खेलमा छोरेपाटनका जर्गा म्यान अफ दी म्याच घोषित भए।

दोश्रो खेलमा पार्दी माविले न्यू मिलिनियम स्कुललाई २–० ले पन्छायो। पार्दीको जितमा अमित मगर र संजोग परियारले एक/एक गोल गरे। खेलमा पार्दीका विरबहादुर गुरुङ म्यान अफ दी म्याच घोषित भए। विहिबारको तेश्रो खेलमा एल.पी. देवकोटाले एक्स आर्मी स्कुललाई ३–० को गोल अन्तरले पराजित गर्‌यो। एल.पी.को जितमा म्यान अफ दी म्याच घोषित प्रिन्स गुरुङले २ र समिर थापाले एक गोलको योगदान दिए। विहिबारको अन्तिम खेलमा बालोदय बोर्डिङ स्कुलले शिशु निकेतन स्कुल माथि ३–० को जित दर्ता गर्‌यो। बालोदयको जितमा अंकित केसी, आविश्कार सुनार र संगम गुरुङले एक/एक गोल गरे। खेलमा बालोदयका सुनार म्यान अफ दी म्याच घोषित भए। यसैबिच, यही फागुन ६ गतेसम्म प्रतियोगिता संचालन हुने भएको क्लवका पूर्वअध्यक्ष पदम ढकालले जनाए। पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रबर्द्धनमा भएको प्रतियोगितामा पोखरा १७ स्थित वडामा रहेका सामुदायिक तथा निजी गरी १९ वटा बिद्यालयहरुको सहभागिता रहेको छ। प्रतियोगिताको विजेता टिमले ३० हजार, उपविजेताले २० हजार, तेश्रो हुनेले १० हजार र शान्त्वना हुने टिमले भने ५ हजारको साथमा ट्रफी, मेडल र प्रमाण–पत्र प्राप्त गर्ने भएको महासचिव राकेश श्रेष्ठले बताए। फुटवल खेलको तल्लो स्तरबाटै विकास गर्ने उद्धेश्यले उक्त प्रतियोगिता आयोजना गरिएको क्लवका बरिष्ठ उपाध्यक्ष रमेश प्रसाद बरालले जनाए।

# डिजेल, पेट्रोलको मूल्य बढ्यो

**रासस**
काठमाडौं, ३ फागुन

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ।

निगम सञ्चालक समितिको बिहीबारको बैठकले बिहीबार राति १२ बजेदेखि लागु हुनेगरी पेट्रोल, डिजेल र मट्टीतेलको मूल्यवृद्धि गरेको हो।

पेट्रोल, डिजेल तथा मट्टिटतेलमा प्रतिलिटर रु दुई रुपैयाँ वृद्धि भएको निगमका प्रवक्ता मनोजकुमार ठाकुरले जानकारी दिनुभयो। निगमले हवाई इन्धन र खाना पकाउने ग्यासको मूल्य भने यथावत राखेको छ।

निगमले पहिलो, दोस्रो र तेस्रो वर्गका लागि पेट्रोल प्रतिलिटर क्रमशः रु १६९.५०, १७१ र १७२ तथा डिजेल/मटिटेल क्रमशः १५७.५०, १५९ र १६० तोकेको छ। इण्डियन आयल कर्पोरेसनबाट आज प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलमा प्रतिलिटर रु १.८३ र डिजेलमा रु १.५६ बढेर आएको निगमले जनाएको छ।

# विधानमा प्राप्त सुझावले पार्टी निर्माणमा सहयोग पुग्छ : अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, ३ फागुन

प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले विधान अधिवेशन सभ्य भएको र यसले पार्टी निर्माण एवं विशेष महाधिवेशनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ।

माओवादी केन्द्रको प्रथम विधान अधिवेशनमा समूहगत छलफलबाट सुझाव सङ्कलन गरेपछि उहाँले प्राप्त सुझावका आधारमा विधानलाई ओजपूर्ण बनाइने बताउनुभयो।

अध्यक्ष दाहालले आगामी महाधिवेशनदेखि जनवादको आधारमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट समिति निर्माण गर्ने र समितिबाट प्रत्यक्ष निर्वाचनको गरेर पदाधिकारी चयन गर्ने निष्कर्षमा पुगेको बताउनुभयो। आमरुपमा पार्टी समिति सानो बनाउनुपर्ने सबैको सुझाव आएको उल्लेख गर्दै उहाँले आगामी अधिवेशनबाट एक सय ९९ सदस्यीय केन्द्रीय समिति बनाइने निष्कर्ष सुनाउनुभयो।

आगामी अधिवेशनपछि ११ जनाको केन्द्रीय कार्यालय बनाउने र त्यसैलाई प्रभावकारी बनाइने उहाँले जानकारी दिनुभयो। योग्यता र कार्यअवधिको व्यवस्था नियमावलीमा गर्न उचित हुने उल्लेख गर्दै अध्यक्ष दाहालले प्रत्येक दुई वर्षमा सदस्यता नवीकरण गरिने बताउनुभयो। प्रदेशलाई बलियो बनाउने विषयलाई उच्च प्राथमिकतामा राख्नेगरी विधान बनाइने बताउँदै अध्यक्ष दाहालले त्यसैले सङ्घीयता र समानुपातिक व्यवस्थालाई प्रभावकारी बनाइने जानकारी दिनुभयो। नाम र चुनाव चिह्नका विषयमा कुनै खास समयमा निर्णय गरिने उल्लेख गर्दै अध्यक्ष उहाँले धेरै कम्युनिष्ट पार्टीबीच एकता हुने अवस्थामा नाम फेर्न सकिने तर अहिले यथावत राख्ने बताउनुभयो। अध्यक्ष दाहालले पार्टीका विभिन्न मोर्चालाई वैचारिक तालिमसहित स्वायतता दिने र जनवर्गीय सङ्गठनलाई पनि विस्तार गरिने बताउनुभयो। उहाँले स्थायी समितिको बैठकबाट कार्यविभाज गरेर जानकारी दिइने बताउनुभयो।

# विज्ञान समाजको अभिमुखिकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

बिज्ञान समाज नेपाल कास्की र बिज्ञान समाज नेपाल, पोखरामहानगरको सयुक्त आयोजनामा आयोजित एकदिने बिज्ञान विषयको प्रश्नपत्र निर्माण सम्बन्धि अभिमुखिकरण कार्यक्रम हालै सम्पन्न भयो।

शैक्षिक गुणस्तर परिक्षण केन्द्र बाट आउनु भएका अधिकृत खिल नारायण श्रेष्ठले कार्यक्रममा सहजीकरण गर्नु भएको थियो।

गण्डकी आवसिय माध्यमिक बिद्यालयका प्राचार्य बिरेन्द्र खड्काले कार्यक्रमको उद्‌घाटन गर्नु भएको थियो।

बिज्ञान समाज, कास्कीका अध्यक्ष शान्ताराम लामिछानेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा विशेष अतिथि स्टान गण्डकीका अध्यक्ष राजकुमार ढकाल हुनुहुन्थ्यो।

कार्यक्रममा संचालन स्टान पोखरा महानगरका सचीव भेष बहादुर के सिले गर्नुभएको थियो भने स्वागत मन्तव्य स्टान पोखरा महानगरका अध्यक्ष टीकाराम सुवेदीले गर्नु भएको थियो।

कास्की जिल्लाका विभिन्न विद्यालयबाट आउनु भएका बिज्ञान विषयका शिक्षकहरुलाई प्रशिक्षक श्रेष्ठले विभिन्न पाँच समुहमा बिभाजन गरि नयाँ पाठयक्रमको बारेमा, प्रश्न पत्र निर्माण कसरी गर्ने भन्ने बारे जानकारी दिनु भयो। कार्यक्रममा सहभागी पाँच समूह बाट तयार विभिन्न तहका प्रस्नहरुको बारे पनि छलफल भएको थियो।


## सुरक्षितरूपमा वैदेशिक रोजगारमा जाऔं

- ◆सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- ◆आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- ◆अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- ◆अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- ◆कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- ◆वैदेशिक रोजगारीमा जानुअघि घर–परिवारसँग सरसल्लाह गरौं,
- ◆मानसिक रुपमा तयार होऔं र
- ◆आफ्नो सबै कागजातको एकएक प्रति घर–परिवारलाई छोडौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

- » शरिरको एक हर नचल्ने।
- » मुख बाङ्गो भएको।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
- » हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

- पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
- महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
- सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
- मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।

– सास लिभोसन

## सम्पादकीय

# माओवादीलाई गति दिने विधान सम्मेलन

नेकपा माओवादी केन्द्रको विधान सम्मेलनले प्रतिस्पर्धात्मक विधिबाट केन्द्रीय समिति चयन गर्ने प्रावधान राखेर विधान पारित गरको छ । फागुन १ गतेदेखि शुरु भएको विधान सम्मेलनले पार्टीमा लोकतान्त्रिक अभ्यास खोलेको छ। केन्द्रीय समिति 'सर्वसम्मत' बनाउने भन्दै अध्यक्षले पेस गरेका नाममा माओवादीले केन्द्रीय समिति चयन गर्दै आएको थियो । पहिलो पटक प्रत्यक्ष निर्वाचनबाट केन्द्रीय समिति चयन गर्नेगरी विधान संशोधनसहित पारित गरेर एक कदम अगाडि बढेको छ । विधान सम्मेलनले पार्टीको नाम तत्काल नफेरे पनि परिवर्तन गर्ने बाटो खुला राखेको छ । पार्टीको नामबाट माओवादी हटाउन नेतृत्वले खोजेको पनि हो ।

कम्युनिस्ट पार्टीले नाम फेर्न सकिने भए पनि कम्युनिस्ट पार्टी भने कायम राख्ने निर्णय गरेको छ । उसले नेकपा राखेर समाजवादी, वाम मोर्चा राख्न सकिने विकल्प खुला राखी विधान पारित गर । 'नेपाल कम्युनिष्ट पार्टी कहिले पनि छाड्न सकिन्नँ । वाम मोर्चा, समाजवादी मोर्चा, एकता इत्यादि हुँदा पछाडि पुच्छरबारे छलफल गर्ने विकल्प खुला राख्न सकिन्छ,' दाहालले भनेका छन । हाल पार्टीको चुनाव चिह्न भने कायम राखिने छ । 'अहिले नाम यथावत् राख्ने र चुनाव चिह्न पनि थथावत् राख्नुपर्छ,' दाहालले प्रस्ताव गरे अनुसार नभएसम्म । दाहालको भनाइलाई हलले पास गरेको थियो । पार्टी केन्द्रीय समिति प्रत्यक्ष निर्वाचित र पदाधिकारी केन्द्रीय समितिले गर्नेछ । जारी विधान अधिवेशनले २०समूहगत सुझावको आधारमा यो प्रावधान उपयुक्त निर्णय गरको छ । त्यस्तै विधानमा प्रस्ताव गरिएको भन्दा केन्द्रीय समितिको संख्या बढाउने निर्णयमा माओवादी पुगेको छ ।

मस्यौदामा १५१ सदसीय प्रस्ताव गरेकोमा अब १९९ सदस्यीय हुने छ । पदाधिकारीको संख्या घटाएर ११ रहने प्रावधान विधानमा राखिएको छ । केन्द्रीय समितिको संख्या घटाउनुपर्छ भनेर वकालत गरए पनि माछापुच्छ्रे नाम कायमै छ ।अध्यक्ष दाहालले मंगलबार अधिवेशनमा प्रस्तुत गरेको विधान मस्यौदामाथि सबै समूहले सुझाव दिनक्रम बिहीबार सकिएको छ । प्रतिनिधिको सुझावको आधारमा विधानलाई अन्तिम रुप दिई हलबाट पारित भएको छ । मंगलबारदेखि काठमाडौंको कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा सुरु भएको अधिवेशनमा सहभागीलाई विभिन्न २० समूहमा विभाजन गरिएको थियो । बुधबार १३ र बिहीबार सात समूहले मस्यौदा विधानमाथि सुझाव प्रस्तुत गरेका थिए ।

कैयन प्रतिनिधिले पदाधिकारीसहितको प्रत्यक्ष निर्वाचन प्रणाली हुनुपर्ने धारणा राखेपनि त्यस्तो प्रस्ताव अस्वीकृत भएको छ । यसको पक्षमा उपमहासचिव जनार्दन शर्माले पूरक प्रस्ताव नै ल्याएका थिए । प्रतिनिधिहरुले उठाएको सवालमाथि जवाफ दिने क्रममा प्रधानमन्त्री समेत रहेका प्रधानमन्त्री दाहालले सबै सवालमाथि पार्टी र नेतृत्वको गम्भीर ध्यानाकर्षण भएको जानकारी दिए । उनले आजको आजनै पदाधिकारीसहितको प्रत्यक्ष निर्वाचन प्रणाली सम्भव नभएको स्पष्ट पारे । यसबारे निरन्तर छलफल चल्दै जाने र आवश्यकताअनुसार पछि निर्णय गर्न सकिने सोचाइमा माओवादी पुगेका छ । टीका लगाएर नेतृत्व चयन गर्दै आएको पार्टी 'प्रत्यक्ष निर्वाचन प्रणालीमा गयो भन्ने नै ऐतिहासिक निर्णय हो । पार्टीलाई गति दिन विधान सम्मेलन सफल भएको छ । अब कार्यान्वयनमा जाँदा नेतृत्वले दह्रोसंग पक्रनु जरुरी छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बढ्ने |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शुभ यात्रा |
| कन्या | : ब्यापारमा लाभ | मीन | : स्वस्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# दुई पुल निर्माणले चार हजारभन्दा बढी लाभान्वित

रासस

तनहुँ, ३ फागुन

चालु आर्थिक वर्षमा दुईवटा मोटरेबल पुल निर्माण भएपछि स्थानीयलाई सहज भएको छ । म्याग्दे गाउँपालिका-४ र ७ जोड्ने म्याग्देखोला र व्यास-११ सेरास्थित बुल्दीखोलामा पुल निर्माण भएको हो ।

स्वीस सरकार विकास सहयोगअन्तर्गत स्थानीय सडक पुल कार्यक्रमको प्राविधिक सहयोगमा क्रमशः १२ र २० मिटर लम्बाइको पुल निर्माण सम्पन्न भएको स्थानीय सडक पुल कार्यक्रमका प्राविधिक अधिकृत सागर खाम्चाले जानकारी दिनुभयो । पक्की पुल निर्माणसँगै ग्रामीण क्षेत्रमा उत्पादित कृषि उपज बजारसम्म लैजान र गाउँमा ढुवानी गर्न सहज भएको छ । ती पुल निर्माणपछि चार हजार बढी घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन् ।

म्याग्दे खोलामा निर्माण गरिएको पुलबाट एक हजार पाँचसय घरधुरीका मानिस लाभान्वित भएका छन् । उक्त पुलको रु एक करोड ४१ लाख ५८ हजार नौ सय ९० मा निर्माण भएको हो । विसं २०७९ भदौ १ मा सम्झौता भई २०८० साउन ३१ गतेभित्र सम्पन्न गर्ने गरी माई कन्स्ट्रक्सन एण्ड बिल्डर्स पर्वतले पुल निर्माणको ठेक्का पाएको थियो । बुल्दीखोलामा निर्माण गरिएको पुलबाट दुई हजार छ सय चालिस घरधुरीका मानिस लाभान्वित भएको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ । उक्त पुल रु तीन करोड १२ लाख ४६ हजार छ सय १३ मा निर्माण भएको हो । विसं २०७९ भदौ १ गते सम्झौता गरी २०८१ वैशाख ४ गते सम्पन्न गर्ने गरी माई-डिएस जेभीले ठेक्का लिएको थियो ।

# कोरियन भाषा परीक्षा यही फागुन ७ गतेदेखि

रासस

काठमाडौं, ३ फागुन

ईपीएस कोरिया शाखाले कोरियन भाषा परीक्षा यही फागुन ७ गतेदेखि सञ्चालन हुने जनाएको छ । परीक्षा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैँसेपाटीमा परीक्षा सञ्चालन हुने छ ।

परीक्षा एक दिनमा पाँच सिफ्टमा सञ्चालन गरिनेछ भने एक दिनमा एक हजार परीक्षार्थीले सहभागिता जनाउन सक्ने गरी व्यवस्था मिलाइएको ईपीएस कोरिया शाखाका निर्देशक मैयाँ कँडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "शनिबार पनि परीक्षा दिने गरी व्यवस्था गरेका छौं, पहिलो सिफ्टमा करिब ४७ हजारले कोरियन भाषा परीक्षा दिन सक्नेछन ।" परीक्षा हुने अघिल्लो दिन आफ्नो सिफ्टअनुसार ईपीएस शाखा, कार्यालय ग्वार्कोमा बायोमेट्रिक रजिस्ट्रेशन फिङ्गर प्रिन्ट दर्ताका लागि उपस्थित हुनुपर्नेछ । परीक्षाका दिन परीक्षा केन्द्र भैँसेपाटीमा बायोमेट्रिक भेरिफाइ हुनेछ । परीक्षा समयभन्दा एक घण्टा अगाडि परीक्षा हलमा 'ओरेन्टेसन' शुरु हुने र निर्धारित समयमा उपस्थित नभएमा परीक्षामा सहभागी नगराइने निर्देशक कडेलले बताउनुभयो । परीक्षामा मोबाइलफोन,स्मार्टवाचलगायतका कुनै पनि विद्युतीय सञ्चारका साधनहरु लैजान निषेध गरिएको छ । यसैगरी परीक्षामा अवाञ्छित गतिविधि गरेको भेटिएमा परीक्षा रद्द गर्नुका साथै चार वर्षसम्मका लागि परीक्षामा समावेश हुन निषेध गरिनेछ । सन् २०२३ का लागि कोरियाको उत्पादनमूलक क्षेत्रतर्फ एक लाख ६४ हजार सात सय १६ जनाले आवेदन दिएका जनाइएको छ ।

# विश्वकप क्रिकेट लिग–२ : उद्घाटन खेलमा नेपाल पराजित

रासस

काठमाडौं, ३ फागुन

आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ को त्रिकोणात्मक शृङ्खलाको उद्घाटन खेलमा नेपाल नामिबियासँग पराजित भएको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीबार भएको खेलमा नेपाल नामिबियासँग चार विकेटले पराजित भएको हो । जितसँगै नामिबियाले दुई अङ्क जोडेको छ । जितका लागि नेपालले दिएको एक सय ३३ रनको सामान्य लक्ष्य नामिबियाले ३३ दशमलव एक ओभरमा छ विकेट गुमाउदै पूरा गऱ्यो । नामिबियाको जितमा जान फ्रिलिङ्कले सर्वाधिक ३४ रनको योगदान दिए । उनले ५३ बल खेल्ने क्रममा चार चौका प्रहार गरे । त्यसैगरी जान निकोल लोफिट इटनले ३१ रन बनाए भने मिचेल भान लिङगेनले २३ रन बनाए । त्यस्तै निकोलास डाभिनले १५ रन जाडे । बलिङतर्फ नेपालका सोमपाल कामीले तीन र ललित राजबंशीले दुई विकेट लिए । त्यस्तै कप्तान रोहितकुमार पौडेलले एक विकेट झारे ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपाल ४१ दशमलव एक ओभरमा सबै विकेट गुमाउदै एक सय ३२ रनमा समेटिएको थियो । नेपालका लागि भीम सार्कीले सर्वाधिक ४४ रनको योगदान दिए । उनले ८६ बल खेल्ने क्रममा दुई चौका र एक छक्का पनि प्रहार गरे । त्यस्तै गुल्शन झाले २१ रन बनाए । उनले ३१ बल खेल्दै तीन चौका प्रहार गरे र ३८ बल खेलेका करण केसीले तीन चौकाको सहयोगमा १६ रन बनाए ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १० गौतम बुद्ध मार्ग वेल फेयर जाने बाटो निर्माण कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : गौतम बुद्ध मार्ग वेलफेयर जाने बाटो ढलान

**उपभोक्ता समिति**: गौतम बुद्ध मार्ग वेलफेयर जाने बाटो ढलान उपभोक्ता समिति, पोखरा-१०, कास्की

**योजना सम्झौता मिति**: २०८०/०८/२१ गते

**योजना सुरु मिति** : २०८०/०९/०१ गते

**योजना सम्पन्न मिति** : २०८०/१०/२४ गते

**बाटोको लम्बाई** : २२२ मिटर

**महानगरपालिकाबाट** : रु. १२,००,०००/-

**उपभोक्ताबाट** : रु. ३,०१,५५६/२५

**जम्मा लागत** : रु. १५,०१,५५६/२५

**उपभोक्ता समिति**

**अध्यक्ष**: सपना थापा

**सचिव** : पुर्ण बहादुर राना

**कोषाध्यक्ष**: बिमला गुरुङ

**सदस्यहरु** : रुपा गुरुङ, मिनु केसी, जगन गुरुङ, दिलबहादुर गुरुङ,

**अनुगमन समिति** : सम्झना अधिकारी, क्या. निम बहादुर पुन र परमेश्वर बहादुर कार्की



## विमालेख हरायो

हिमालयन लाइफ इन्स्योरेन्स क.लि. बाट जारी गरिएका निम्न लिखित नं. का बिमालेखहरु हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाईदिनुहुन अनुरोध गर्दछु ।

| नाम | बिमालेख नं.हरु |
|---|---|
| रिता पंगेनी | GLI 0610013124 |
| मिता पौडेल | GLI 0610013383 |

**सम्पर्क**

**हिमालयन लाइफ इन्स्योरेन्स लि.**

प्रादेशिक कार्यालय, पोखरा, ०६१५७४४५०


# भानुभक्त प्राणी उद्यान : मुआब्जा प्राप्तिका लागि पहल गरिने

पोखरापत्र संवाददाता

दमौली, ३ फागुन

तनहुँको व्यास नगरपालिका र भानु नगरपालिकाका चार वडा समेटेर निर्माण भएको भानुभक्त प्राणी उद्यानबाट प्रभावितलाई मुआब्जा वितरणका लागि पहल थालिएको छ ।

प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मुआब्जा निर्धारण समितिको तीन वर्ष अगाडि बसेको बैठकले मुआब्जा रकम टुङ्गो लगाइसके पनि सरकारले बजेट निकासा नगरेपछि प्रभावितले अझै मुआब्जा पाउन सकेका छैनन् । उद्यानबाट प्रभावितलाई मुआब्जा वितरणका लागि रकम निकासा गर्न यहाँका सरोकारवाला निकायले पहल थाल्ने निर्णय गरेका छन् । भानुभक्त प्राणी उद्यान कार्यालयको समन्वयमा हालै बसेको समन्वयात्मक बैठकले मुआब्जा वितरणका लागि आआफ्नो निकायबाट पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीलगायत सरोकारवाला निकायका प्रमुखको सहभागिता रहेको बैठकले मुआब्जा वितरणका लागि पहल गर्ने निर्णय गरेको प्राणी उद्यानका संरक्षण अधिकृत विनय झाले जानकारी दिनुभयो । प्रभावितले हालसम्म मुआब्जा नपाएपछि स्थानीय पटकपटक आन्दोलित भएका थिए । जग्गाधनी समन्वय समितिका संयोजक हरिबहादुर कार्की र सङ्घर्ष समितिका संयोजक प्रकाश मल्लले यस अगाडि विभिन्न निकायमा ज्ञापनपत्र बुझाइसक्नुभएको छ । भानुभक्त प्राणी उद्यानको पूर्वाधार निर्माणले तीन वर्षको अवधिमा धेरै गति लिइसके पनि सम्बन्धित घरजग्गा धनीले अहिलेसम्म मुआब्जा रकम पाउने नसकेको समन्वय समितिका संयोजक कार्कीले जानकारी दिनुभयो । चरणबद्धरुपमा राज्यका सम्बन्धित निकाय वन मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलगायत राष्ट्रपति र प्रधानमन्त्रीसमक्ष पुगेर मुआब्जा रकम वितरणका लागि अनुरोध गरिएको कार्कीको भनाइ छ । उहाँले भन्नुभयो, "मुआब्जा रकम टुङ्गो लागिसकेको छ, तर बजेट नआउँदा सम्बन्धित प्रभावितले पाउन सकेका छैनन्, जग्गा किनबेच गर्न पाइँदैन, स्थानीयलाई समस्या भइरहेको छ ।" उद्यानबाट प्रभावित स्थानीयलाई मुआब्जा वितरणका लागि तीन वर्षअघि मुआब्जा निर्धारण समितिले मुआब्जा निर्धारण गरिसकेको थियो । बजेट अभावमा प्रभावितले मुआब्जा पाउन सकेका छैनन् । प्राणी उद्यानका लागि आवश्यकपर्ने जग्गा रोक्का हुँदा प्रभावितले बेचबिखन गर्न पाइरहेका छैनन् ।

रैथाने र गैररैथाने वन्यजन्तुको संरक्षण गर्ने, वन्यजन्तु संरक्षणमार्फत आमोदप्रमोद प्रदान गर्ने, वन्यजन्तुको वैज्ञानिक अध्ययन अनुसन्धान गर्ने उद्देश्यसहित स्थापना भएको प्राणी उद्यानले जग्गा अधिग्रहणको कामलाई अगाडि बढाएको थियो । प्राणी उद्यानले व्यास-११ र १२ तथा भानु-५ र ६ का भाग समेटेको छ । प्राणी उद्यानले अधिग्रहण गर्ने जग्गा, घरटहरा, खेतबारीको मुआब्जा निर्धारण गर्ने काम सकिएको प्राणी उद्यानले जनाएको छ । यस कार्यका लागि कूल रु ४६ करोड ५२ लाख एक हजार सात सय ३० बजेट आवश्यक पर्छ । प्राणी उद्यानभित्र परेका एक सय २६ जग्गाधनीको नौ सय ६१ रोपनी जग्गा अधिग्रहण गरिनेछ । त्यसका लागि रु ४३ करोड ८७ लाख नौ हजार चार सय ४३ मुआब्जा निर्धारण गरिएको छ । त्यस्तै उद्यानभित्र परेका घरटहराका लागि रु ५८ लाख सात हजार पाँच सय ७९ र छुट भएका १६ जग्गाधनीको जग्गा अधिग्रहणका लागि रु दुई करोड छ लाख ८४ हजार सात सय सात मुआब्जा निर्धारण गरिएको छ ।

प्राणी उद्यानको सीमानामा तारबार लगाउने काम भने सम्पन्न भइसकेको छ । प्राणी उद्यानको विकासका लागि गुरुयोजना बनाइएको छ । गुरुयोजनाअनुसार यहाँ दुई इलाका, चार क्षेत्र र आठ शाखा कल्पना गरिएको छ । इलाकाअन्तर्गत संरक्षण इलाका र उपयोग इलाका रहनेछ । क्षेत्रअन्तर्गत प्रशासनिक, प्रदर्शनी, शान्ति र आध्यात्मिक तथा उद्धार र अनुसन्धान रहनेछ । शाखाअन्तर्गत ठूला साकाहारी, साकाहारी, पक्षी, सर्वहारी, सरीसृप, साना स्तनधारी, मांसहारी र भालु शाखाको कल्पना गरिएको छ । प्राणी उद्यान कूल चार सय २५ हेक्टर क्षेत्रफलमा फैलिएको छ । उद्यानले १३ वन क्षेत्रलाई समावेश गरेको छ । प्राणी उद्यान क्षेत्रभित्र पर्ने आठ सामुदायिक वन र पाँच कबुलियती वन गरी १३ वन क्षेत्र समावेश गरिएको छ ।

प्राणी उद्यानले दुई ९७ दशमलव ४७ हेक्टर संरक्षण इलाका र एक सय २७ दशमलव ५३ उपयोग इलाका निर्धारण गरेको छ । संरक्षण इलाकाभित्र घना वन क्षेत्र, भिरालो र पहुँच नभएको क्षेत्र पर्दछ भने उपयोग इलाकाभित्र कम भिरालो तथा पानीका स्रोत पर्दछ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा प्राणी उद्यान घोषणा गर्ने प्रावधान भएकाले चुनौती देखापरेको संरक्षण अधिकृत पन्थले बताउनुभयो । प्राणी उद्यानले गुरुयोजनाबमोजिम कार्य सञ्चालन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनमा प्राणी उद्यान स्थापना र व्यवस्थापनसम्बन्धी व्यवस्था गर्न पहल गर्ने विषयलाई प्राथमिकतामा राखेको छ ।

# माओवादी केन्द्रको विधान परिमार्जनसहित पारित

रासस

काठमाडौं, ३ फागुन

प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रस्तुत गर्नुभएको विधान परिमार्जनसहित पारित भएको छ । प्रथम विधान अधिवेशनमा समूहगत छलफलबाट सुझावका आधारमा तयार गरिएको परिमार्जित विधान पारित गरिएको हो । अधिवेशनमा अध्यक्ष दाहालले विधानलाई समृद्ध बनाउन महत्वपूर्ण सुझाव प्राप्त भएको उल्लेख गर्दै पार्टी नयाँ तवरले अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो । विधान अधिवेशनलगत्तै विशेष महाधिवेशनमा तयारीको प्रक्रिया सुरु हुने जानकारी उहाँले दिनुभयो । उहाँले प्राप्त सुझावबाट पार्टीको रक्षा र विकास गर्न सहयोग पुगेको बताउनुभयो ।

प्रधानमन्त्री एवं पार्टी अध्यक्ष 'प्रचण्ड'ले यही फागुन १ गते प्रस्तुत गर्नुभएको विधान मस्यौदामा २० समूहहरुबाट सुझाव सङ्कलन गरिएको थियो ।


## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका १ निवासी धनकुमारी थापाको नेपाली नागरिकताको प्रमाणपत्रमा जन्ममिति २०१२/१०/२५ अर्थात ८ फेब्रुअरी १९५६ भएको, तर, निजको पति रामकुमार थापाको भारतीय सैनिक न. ५०४२१९२ पेन्सन रेकर्डमा जन्(ममिति २०२०/१०/२७ अर्थात १० फेब्रुअरी १९६४ उल्लेख भई फरक परेता पनि फरक फरक जन्ममिति भएको ब्यक्ति फरक नभई एउटै भएको ब्यहोरा सम्बा(न्धत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# लमजुङमा एक सय आठ फिटको महादेवको मूर्ति निर्माण हुँदै

पोखरापत्र संवाददाता
लमजुङ, ३ फागुन

सुन्दरबजार नगरपालिका-७ पाउँदीमा एक सय आठ फिट उचाइको सिद्धेश्वर महादेवको मूर्ति निर्माणकार्य अन्तिम चरणमा पुगेको छ।

कर्मदा नदीको शिवजी महादेव मन्दिर संरक्षण समितिले मर्स्याङ्दी नदी नजिकै पर्यटन र धार्मिक क्षेत्र बनाउनका लागि महादेवको मूर्ति निर्माण गरिरहेको हो । संरक्षण समितिका उपाध्यक्ष चन्द्रप्रसाद पोखरेलका अनुसार यस मूर्तिको रङरोगन गर्ने कार्य मात्र बाँकी रहेको र अब डेढ महिनाभित्रमा सकिने छ। काठमाडौँ र पोखराबाट कालिगढ ल्याएर निर्माण गरिरहेको तथा बालुवा र सिमेन्टले मात्र मूर्ति निर्माण गरिएको उहाँको भनाइ छ । मूर्तिका साथै महादेवको बाहन साँढे पनि निर्माण गरिएको छ। मूर्ति बनाउनका लागि मात्र हालसम्म करिब रु डेढ करोड खर्च भइसकेको समितिले जनाएको छ । समितिका अनुसार यसको अलवा सोही परिसरमा एक सय आठ शिवलिङ्ग र एक सय आठ धारा निर्माण गर्न लागिएको छ । यतिबेला जमिन सम्याउने र धारा निर्माणका लागि पर्खाल लगाउने कार्य भइरहेको छ। हालसम्म यी पूर्वाधारका लागि रु दुई लाख खर्च भइसकेको समितिका उपाध्यक्ष पोखरेलले बताउनुभयो । यस समितिको नाममा रहेको ११ रोपनी जग्गामा उक्त पूर्वाधार निर्माण भइरहेको छ। समितिको जग्गामा दुई सय २० केभी प्रसारण लाइन विद्युत्को तारमुनि पर्ने र १३ आना जमिनमा टावरसमेत राखेपछि साढे दुई वर्षअघि तारमुनि जमिन परेबापत विद्युत् प्राधिकरणबाट रु ७३ लाख र टावर राखेबापत रु ७२ लाख प्राप्त गरेको थियो।

उक्त रकम प्राप्त भएपछि महादेवको मूर्ति, धारा र शिवलिङ्ग बनाउने योजना बनाएर विसं २०७८ वैशाखबाट महादेवको मूर्ति बनाउन थालिएको हो । हाल धारा र शिवलिङ्ग बनाउने कार्यसमेत अघि बढिरहेको समितिले जनाएको छ । समितिका अनुसार रु ७३ लाख बैंसीसहरमा एक बैंकमा १० वर्षका लागि मुद्धति खातामा राखिएको र सोबाट तीन-तीन महिनामा रु एक लाख ५० हजार ब्याज आउने गरेको छ । उक्त ब्याजबाट आएको रकम र टावर राखेबापतको रु ६३ लाखबाट थालनी गरिएको उक्त कार्यका लागि सुन्दरबजार नगरपालिकाको गत वर्ष र यस वर्ष गरी रु ३० लाख, खानेपानी तथा सरसफाइ एकाइ कार्यालयबाट धाराका लागि यस वर्ष रु १० लाख, सामाजिक विकास कार्यालयबाट रु १० लाख, पूर्वाधार विकास कार्यालयबाट रु २० लाख, राइनास नगरपालिकाबाट रु एक लाख ५० हजार समितिलाई सहयोग प्राप्त भएको समितिका उपाध्यक्ष पोखरेलले जानकारी दिनुभयो। त्यस्तै महादेवको मूर्ति स्थापनाका लागि चन्दा सङ्कलन भइरहेको र अहिल्ले वर्षदेखि हालसम्म रु १४ लाख उठेको तथा धारा र शिवलिङ्ग बनाउनका लागि रु ११ हजार एक सय ११ लिएर आजीवन सदस्य बनाउने अभियान चलिरहेको समितिले जनाएको छ।

यस अभियानबाट हालसम्म रु चार लाख बढी रकम उठेको र आजीवन सदस्य बन्ने व्यक्ति थपिँदै गएको समितिका उपाध्यक्ष पोखरेलले बताउनुभयो । हिन्दू धर्म मान्ने मान्छे घट्दै गइरहेका बेलामा त्यसलाई रोक्न, हिन्दू धर्मको जगेर्ना गर्न यस्ता पूर्वाधार निर्माणले सहयोग पुग्ने अपेक्षाले निर्माण गरिएको उहाँको भनाइ छ। मर्स्याङ्दी नदीमा स्नान गर्न, सत् बिज छर्न, ठूलो एकादशी पर्वमा लाखौं भक्तजन विभिन्न स्थानबाट यस क्षेत्रमा आउने गरेका छन् । तीर्थस्थल बन्दै गएको मर्स्याङ्दी नदीमा यस्ता संरचना निर्माण भएपछि भक्तजन तथा तीर्थालु अन्यत्र जानु नपर्ने तथा टाढा-टाढाबाट समेत भक्तजन यहाँ आउने समितिले जनाएको छ।

डुम्रे बैंसीसहर सडक नजिकै तथा लमजुङ र तनहुँको सिमाना पर्ने यस पाउँदीमा धार्मिक पूर्वाधार निर्माणले यहाँको व्यापार व्यवसायमा समेत टेवा पुग्ने स्थानीयको भनाइ छ । सो क्षेत्र राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको छेउमै रहेको छ । महादेवको मूर्ति तथा धारा र शिवलिङ्ग निर्माणले धार्मिककरूपमा मात्र नभई पर्यटकीय गन्तव्यसमेत बन्ने सुन्दरबजारका नगरप्रमुख कृष्णप्रसाद कोइरालाले बताउनुभयो । त्यस्तै पाउँदी बजारको लोकप्रियतासमेत बढ्ने र धार्मिक तीर्थालु तथा पर्यटक आउँदा आम्दानी पनि हुने उहाँको भनाइ छ । जिल्लाकै एक प्रमुख धार्मिक एवं पर्यटकीय क्षेत्र बन्ने नगरप्रमुख कोइरालाले बताउनुभयो।

# ललिता निवास जग्गा प्रकरण: १२ जना ठोषी ठहर

रासस
काठमाडौँ, ३ फागुन

विशेष अदालतले ललिता निवास जग्गा हिनामिना प्रकरणमा १२ जनालाई दोषी ठहर गरेको छ।

विशेष अदालतका न्यायाधीशहरू खुशीप्रसाद थारु, रामबहादुर थापा र रितेन्द्र थापाको इजलासले बिहीबार उक्त जग्गा प्रकरणमा १२ जनालाई दोषी ठहर गरेको छ भने राजीनामा वा बकसपत्रबाट ६५ जनाको नाममा दर्ता भएको जग्गा जफत हुने ठहर गरेको छ । विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीले ललिता निवासको जग्गा हिनामिनासम्बन्धी मुद्दामा ठहर भएका प्रतिवादीबाट बिगो र जरिवाना असुल हुने फैसला भएको जानकारी दिनुभयो । अदालतले जग्गा जफतका लागि प्रतिवादी बनाएकाको हकमा जफत हुने निर्णय पनि गरेको छ । अदालतले रामकुमार सुवेदी, शोभाकान्त ढकाल, भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङलाई दोषी ठहर गरेको छ । त्यस्तै, भूमिसुधार मन्त्रालयका तत्कालीन सचिव छविराज पन्त र दीप बस्न्यात तथासुवर्ण शमशेरका परिवारलाई पनि दोषी ठहर गरेका छन् । कलाधर देउजा, सुरेन्द्रमान कपाली, युक्तप्रसाद श्रेष्ठ, जगतप्रसाद पुडासैनीलाई दोषी ठह्याउँदै विशेष अदालतले राजीनामा वा बकसपत्रबाट ६५ जनाको नाममा दर्ता भएको जग्गा जफत गर्ने निर्णय गरेको छ। छविराज पन्त र दीप बस्न्यातसहित तत्कालीन मालपोत र भूमिसुधार कर्मचारीलाई १९ रोपनी जग्गा हिनामिनामा रु नौ करोड ६५ लाख बिगो जफत हुने फैसला गरेको छ। अदालतले राजीनामा वा बकसपत्रबाट ६५ जनाको नाममा दर्ता भएको जग्गा जफत हुने ठहर गरेको हो । अदालतले उक्त जग्गा प्रकरणमा तत्कालीन भौतिक पूर्वाधारमन्त्री विजयकुमार गच्छदार, तत्कालीन भूमि सुधारमन्त्रीहरु डम्बरबहादुर श्रेष्ठ र चन्द्रदेव जोशीलाई सफाइ दिएको छ । तत्कालीन सचिव दिनेशहरि अधिकारीलाई पनि अदालतले सफाइ दिएको छ।








अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ललिता निवासको ११३ रोपनी सरकारी जग्गा व्यक्तिको बनाएको उल्लेख गर्दै २०७६ माघ २२ गते विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गरेको थियो । उक्त जग्गा प्रकरणमा अख्तियारले चार पूर्वमन्त्री र तीन पूर्वसचिवसहित एक सय ७५ जनालाई प्रतिवादी बनाएको थियो । उक्त जग्गा प्रकरणमा अख्तियारले एक सय १० जनालाई अभियोगमा संलग्न भएको दाबी गरेको थियो भने ६५ जनालाई जग्गा फिर्ता तथा सम्पत्ति जफत प्रयोजनका लागि प्रतिवादी बनाएको थियो ।

# दुर्गम गुर्जामा सुविधासम्पन्न स्वास्थ्य चौकी भवन

पोखरापत्र संवाददाता
म्याग्दी, ३ फागुन

भौगोलिकरूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जामा स्वास्थ्य चौकीको सुविधासम्पन्न भवन निर्माण भएको छ।

सङ्घीय सरकारको समपूरक अनुदानमा धवलागिरि गाउँपालिकाले गुर्जामा स्वास्थ्य चौकीको भवन निर्माण गरेको हो। म्याग्दीको छवटा स्थानीय तहको ४५ वडामध्ये सडक यातायातको सुविधा नभएको वडा गुर्जामात्र हो । पाँचवटा कोठा र एकतले भूकम्पप्रतिरोधी क्षमताको भवन अपाङ्गतामैत्री रहेको धवलागिरि गाउँपालिकाका पूर्वाधार शाखाका प्रमुख लोकेन्द्र रावलले जानकारी दिनुभयो । भवन निर्माणका लागि रु एक करोड ३९ लाख पाँच सय ९४ मा ठेक्का लिएको पौडेल निर्माण सेवा बागलुङले रु एक करोड १७ लाख ३४ हजार एक सय १७ भुक्तानी पाएको उहाँले बताउनुभयो । बिरामीको स्वास्थ्य परीक्षण, उपचार, औषधि भण्डारण, प्रसूति, प्रशासनका लागि छुट्टाछुट्टै कक्ष रहेका छन् । निर्माण सकिएपछि स्वास्थ्य चौकीको नयाँ भवनबाट सेवा सञ्चालन गरिएको वडाध्यक्ष भक्कबहादुर छन्त्यालले बताउनुभयो । "यसअघि कच्ची र जीर्ण भवनको साँघुरा कोठामा स्वास्थ्य चौकी सञ्चालन भएको थियो", उहाँले भन्नुभयो, "नयाँ भवन बनेपछि सेवाग्राही र स्वास्थ्यकर्मीलाई सहज भएको छ ।" अल्पसङ्ख्यक छन्त्याल र दलित समुदायको बसोबास रहेको गुर्जामा दुई सय ५० घरधुरी छन् । गुर्जा पुग्न छिमेकी गाउँ लुलाङबाट पूरै दिन जङ्गल र भिरको बाटोमा पैदलयात्रा गर्नुपर्छ । धवलागिरि गाउँपालिकामा पछिल्लो एक वर्षयता रु दुई करोड ७३ लाखको लागतमा गुर्जा र मुनामा स्वास्थ्य चौकी, ताकम र लुलाङमा वडा कार्यालय भवन निर्माण भएको छ । हिमालयन बिल्डर्स एण्ड सप्लायर्स प्रालिले रु ३९ लाख ७२ हजार ८१ मा ठेक्का लिएको मुना स्वास्थ्य चौकीको दुईतले सभाहलसहित नौकोठे भवन निर्माणमा पछिल्लोपटक रु ३७ लाख पाँच हजार दुई सय छ खर्च भएको छ । थापा निर्माण सेवाले ठेक्का पाएको लुलाङ वडा कार्यालय भवन निर्माणमा रु ५७ लाख ५९ हजार छ सय ९७ खर्च भएको सबइन्जिनियर रावलले बताउनुभयो । यसअघि रु ४७ लाख खर्च भएको ताकम वडा कार्यालयको भवनलाई पूर्णता दिन पछिल्लोपटक थप रु १४ लाख ५९ हजार पाँच सय ९२ खर्च भएको छ।

लुलाङको वडा कार्यालय विसं २०७७ र अन्य तीनवटा भवन २०७८ मा निर्माण सुरु भएको थियो । घट्टेखोलामा गाउँपालिकाको प्रशासकीय, ताकममा पाँच शय्या क्षमताको अस्पताल, मुदीमा स्वास्थ्य चौकी र मराङमा वडा कार्यालयको भवन निर्माणाधीन छन् ।

सेवा प्रवाहलाई सहज र व्यवस्थित बनाउन गाउँपालिका, स्वास्थ्य चौकी, अस्पताल र वडा कार्यालय भवन निर्माणमा जोड दिएको गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो ।

# विरेन स्मृति बिटी कपमा पहिलो चरणकै खेल जारी

पोखरापत्र संवाददाता
पोखरा, ३ फागुन

बुद्धटोल युवा (बिटी) क्लबको आयोजनामा जारी सातौं विरेन स्मृति १७ औं बिटी कप खुल्ला फुटबल प्रतियोगितामा बिहीबार ८ खेल सम्पन्न भएका छन् ।

पोखरा महानगरपालिका १ पुरानो टुँडिखेलमा लामागाउँ टिम 'बि' र नयाँगल्लीबीच आज भएको पहिलो खेल गोलरहित निर्धारित समय सकिएपछि टाइब्रेकरमा लामागाउँ 'बि'ले ३-२ गोलको अन्तरले पराजित गर्यो । यस्तै दोस्रो खेलमा लामागाउँ टिम 'ए' ले हाम्रो एफसीलाई ३-१ गोल अन्तरले लामागाउँ विजयी बन्यो । तेस्रो खेलमा मण्डलाले प्रदेश सभा टिमलाई ५-० फराकिलो गोल अन्तरले हराउँदै मडला दोस्रो चरणमा प्रवेश गर्यो । यस्तै चौथो खेलमा रत्नसमाज क्लबले मिलनटोललाई १-० गोल अन्तरले पाखा लगाउदै दोस्रो चरणमा स्थान बनायो। पाँचौ खेलमा एलसी ब्रदर्शले आकुरा एफसीलाई ३-० गोल अन्तरले पराजित गर्यो । पिपलडाली युवा क्लब र रिभान युनाइटेडबीच भएको खेल १-१ गोलको बराबरीमा सकिएपछि टाइब्रेकरमा ३-१ गोल अन्तरले पिपलडाली विजयी बन्यो । बाँनिया ब्रदर्श र पाखुरीकोटबीच भएको सातौ खेल २-२ गोलको बराबरीमा सकिएपछि टाइब्रेकरमा ३-२ गोल अन्तरले बानियाँ ब्रदर्श विजयी बन्यो । यसैगरी बिहीबार भएको अन्तिम खेलमा बिटी क्लबलाई पोखरा म्युजिक हाउसले ३-० गोल अन्तरले पराजित गर्दै पोखरा म्युजिक हाउस अघिल्लो चरणमा प्रवेश गर्यो ।शुक्रबारपनि पहिलो चरण अन्तरगतकै ८ खेल हुने क्लबका अध्यक्ष असिम थापाले जानकारी दिए । उनका अनुसार कुल ५६ टिमको सहभागिता रहेको सो प्रतियोगिताको विजेताले नगद १ लाख ७१ हजार १ सय ११ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै उपविजेताले १ लाख ५ हजार ५ सय ५५ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ट्रफिसहित नगद रु १० हजार हात पार्नेछ भने उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई जनही ८/८ हजार रुपैयाँ र ट्रफि प्रदान गरिनेछ भने अनुशासित एक टिमलाई १० हजार रुपैयाँसहित ट्रफि प्रदान गरिनेछ ।


## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
## Phedikhola, Syangja
## Gandaki Province, Nepal

## Invitation for Sealed Quotation for the procurement of Medicines and medical accessories

**Sealed Quotation No: 09/080/81/PRM**
**Date of first Publication: 16-02-2024**

1. The Phedikhola Rural Municipality invites sealed quotations from registered Suppliers for the Procurement of Medicines and medical accessories to the Phedikhola Rural Municipality; Contract ID: 29-PRM-G-SQ-MED-080-81-9. Estimated Cost of good supply NRs. 1,170,054.46 (With all tax, transportation and charges).
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation forms at the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal; Phone: 063402053; email: phedikhola174@gmail.com
OR
may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Complete set of Bidding Documents may be purchased from the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 01-March-2024 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account and scanned copy of voucher of cost of quotation document should be attached in PDF form with their bid.
i. Name of the Bank :Prime Bank Ltd. ii. Name of Office :Phedikhola Rural Municipality
iii. Office Account No : 06501000000030800180.
5. Sealed bids must be submitted to the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal by hand or through e-GP system i.e. www.bolpatra.gov.np/egp, on or before 12:00 hrs. of 03-03-2024. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 03-03-2024 on 13:00 hrs.at the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Nepal.
Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.23,500, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Dharauti Account No. 06501000000003600179 at Prime Bank Ltd., Phedikhola, Syangja and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation. In case of e-submission the scanned copy of bid security or Dharauti cash deposit voucher in PDF format should be submitted with the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.